annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १४, पृष्ठ १० | काठमाडौं, बिहीबार ३१ वैशाख २०८३ | जेष्ठ कृष्णपक्ष द्वादशी, नेपाल संवत् ११४६ | THURSDAY, MAY 14, 2026 | काठमाडौं, इटहरी, बुटवल, कोहलपुरबाट एकसाथ प्रकाशित | रु. १०

आवरण समाचार

संसद्ले खोजिरह्यो, प्रधानमन्त्री भने तर्किरहे

सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको बहसमा सहभागी हुने, छलफल सुन्ने र सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ स्वयं प्रधानमन्त्रीले दिने एउटा स्थापित संसदीय परम्परा र लोकतान्त्रिक अभ्यास हो। तर, प्रधानमन्त्री वालेन्द्र शाह भने नीति तथा कार्यक्रममाथिको बहसका लागि बुधबार निर्धारित संसद् बैठकमा अनुपस्थित रहे। विपक्षी दलहरूले बुधबार दिनभर संसद् बैठकमा प्रधानमन्त्रीको खोजी गरिरहे, तर प्रधानमन्त्री शाह भने संसद्बाट तर्किरहे।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

समाचार पृष्ठ २

टिप्पणी

संसद्प्रति प्रधानमन्त्रीको जवाफदेहिता

नरेन्द्र साउद

संसदीय परम्परा नै छ- सरकारको वार्षिक नीति तथा कार्यक्रमको छलफलमा प्रधानमन्त्रीले भाग लिने र सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने।' नियममा यो बाध्यकारी व्यवस्था नभए पनि संसदीय अभ्यास र परम्परा यही हो।

यसैकारण, नीति तथा कार्यक्रममाथिको बुधबारको छलफलमा विपक्षी दलले प्रधानमन्त्री बालेन शाहको दिनभर खोजी गरिरहे, तर उनी 'फेला' परेनन्। स्वास्थ्यलगायत के कारणले प्रधानमन्त्री शाह संसद्मा अनुपस्थित हुनुभएको हो ? भनेर विपक्षी दलले प्रश्न गरिरहे, तर त्यसको चित्तबुझ्दो जवाफ नपाएपछि उनीहरूले संसद् अवरोध गरे। दिनभर जसो सिंहदरबारमै रहेका प्रधानमन्त्री शाहले भने संसद्मा आफ्नो उपस्थिति र संसद्को परम्पराप्रति विपक्षी दलले उठाएका प्रश्नको बेवास्ता गरिरहे। प्रधानमन्त्री कार्यालयदेखि केही मिटर मात्रै टाढा रहेको संसद् भवनतिर पाइला चाल्नै मानेनन्। प्रधानमन्त्री शाहको यो व्यवहार र शैलीलाई लिएर अनेक प्रश्न उठेका छन्।

प्रधानमन्त्री संसद्मा किन बोल्नुपर्छ ?

संसद् भनेको लोकतन्त्रको अभ्यास गर्ने उच्चतम थलो हो। जहाँ जनताका आवाज, नीति निर्माण र सरकारको जवाफदेहिता सुनिश्चित गरिन्छ।

» बाँकी पृष्ठ ७

उघ्रियो सगरमाथाको ढोका शिखर चुम्न लालायित आरोही

११ पथ प्रदर्शकको पहिलो चुम्बन

शिवप्रसाद ढुंगाना | *ओखलढुंगा*

हिउँको सेतो कफनभित्र लुकेका हजारौं सपना र साहसको जीवन्त गाथा हो, सगरमाथा। हरेक वसन्तमा जब सूर्यको किरणले हिमालका थुम्काहरूलाई स्वर्ण बनाउँछ, तब विश्वभरका साहसीका आँखा यही शिखरमा ठोकिन्छन्।

बुधबार बिहान १०:२५ बजे डोरी टाँग्ने (रोप फिक्सिङ) टोलीले सगरमाथाको चुचुरोमा पाइला सफलतापूर्वक टेकेसँगै यस वर्षको 'बाटो' पूर्णरूपमा खुलेको छ। यो खबरले संसारभरबाट सगरमाथाको फेदीमा टेन्टभित्र बसेका उत्साही आरोहीहरू रोमाञ्चित बनेका छन्।

यससँगै आधार शिविरदेखि माथिल्लो क्याम्पहरूमा प्रतीक्षारत सयौं आरोहीका लागि विश्वको सर्वोच्च शिखर चुम्ने औपचारिक ढोका उघ्रिएको छ। सगरमाथामाथिको विजययात्राको प्रतीक्षा उनीहरूका लागि अब समाप्त भएको छ।

पर्यटन विभागका अनुसार, २०८३ वैशाख ३० गते (१३ मे २०२६) बुधबार बिहान दक्ष शेर्पाहरूको टोलीले शिखरमा डोरी फिक्सिङ सम्पन्न गरेपछि अबको केही दिन हिमालमा मानवीय साहसको लर्को देखिने निश्चित छ।

पर्वतारोहण सञ्चालक संघ नेपालका महासचिव ऋषि भण्डारीले प्रतिकूल मौसम र खुम्बु आइसफलको चुनौतीपूर्ण अवरोधलाई चिर्दै ३७औं दिनमा मार्ग प्रशस्त भएको जानकारी दिए। भण्डारीका अनुसार हिमालमध्ये संसारको आँखा गएको हिमाल नै सगरमाथा भएकाले आरोहणका लागि जोखिम भएर पनि सगरमाथा नै रोजाइमा पर्ने गरेको छ। वसन्त सिजनमा आरोहणका लागि सबैभन्दा बढी चर्चा हुने हिमाल नै सगरमाथा हो।

रोप फिक्सिङबाट जसले चुमे सगरमाथाको शिखर

यस वर्षको वसन्तकालीन सगरमाथा आरोहणका लागि बाटो बनाउने चुनौतीपूर्ण जिम्मेवारी पाएको 'रोप फिक्सिङ' टोलीले सफलतापूर्वक सगरमाथाको शिखर चुमेको छ। पर्यटन विभागका अनुसार २०८३ वैशाख ३० गते बुधबार बिहान ११ जना साहसी दक्ष पथप्रदर्शकहरूले यस सिजनको पहिलो आरोहणको कीर्तिमान आफ्नो नाममा राखेका छन्। पर्यटन विभागको आधिकारिक विवरणअनुसार क्याम्प-२ देखि चुचुरोसम्म डोरी टाँगेर मार्ग प्रशस्त गर्ने गर्दै शिखर पुगेका ११ जना छन्। विभागले उनीहरूप्रति आधार व्यक्त गरेको छ। विभागका अनुसार मिङ्मा दोर्जी शेर्पा, पासाङ टाँसी शेर्पा, लोप्साङ भोटे, मिङ्मा नुर्बु शेर्पा र छोम्बा तेन्जी शेर्पा छन्।

त्यस्तै गुरु भोटे, पेम दोर्जी शेर्पा, मिङ्मा तेन्जे शेर्पा, मिङ्तेम्बा शेर्पा, डेन्डी शेर्पा र पासाङ नुर्बु शेर्पाले एकसाथ बाटो खुलाउँदै शिखर चुमेका हुन्। यसैगरी, आधार शिविरदेखि क्याम्प-२ सम्मको कठिन मार्ग 'खुम्बु आइसफल' बनाउने कार्यमा ८ जना 'आइसफल डाक्टर' हरूको महत्वपूर्ण भूमिका रहेको थियो। जसमा आङ्सार्की शेर्पा, दावा जाङ्बु शेर्पा, तेन्दु शेर्पा, डिमा तेन्जी शेर्पा, फुरा छेतेन शेर्पा, दावा छिर्बी शेर्पा, सोनाम गेलजेन शेर्पा र मिङ्मा ग्याल्जेन शेर्पा छन्।



आरोहणका लागि प्रयासरत आरोहीहरू। ● तस्बिर: अल्पाइनिस्ट क्याल्बर एक्स्पेडिसन

सगरमाथाको चुचुरोमा बाटो खुलाएपछि फोटो खिचाउँदै शेर्पा पथ प्रदर्शकहरू। ● तस्बिर सौजन्य: ऋषि भण्डारी

आर्थिक आधार र आरोहणको आकर्षण

नेपालका लागि सगरमाथा केवल गौरव मात्र होइन, यो अर्थतन्त्रको बलियो खम्बा पनि हो। सरकारले सन् २०२५ देखि रोयल्टी शुल्क १५ हजार डलर पुऱ्याएको र हवाई भाडा बढे पनि आरोहणको तिर्खा भने मेटिएको छैन। ४५ हजार डलरसम्मको महँगो प्याकेज भए पनि यस वर्ष ४ सय ९२ सम्म विदेशी आरोहीहरूले अनुमति लिएका छन्।

पर्वतारोहण सञ्चालक संघ, नेपालका महासचिव ऋषि भण्डारीका अनुसार प्रतिकूल मौसम र खुम्बु आइसफलको ढिलाइका बाबजुद ३७औं दिनमा मार्ग पूर्णरूपमा खोल्न सफल भएपछि सगरमाथाका क्याम्पहरूमा उत्साह छाएको छ। 'यो सफलताले आधार शिविरमा प्रतीक्षारत सयौं आरोहीहरूका लागि विजयको मार्ग प्रशस्त गरेको छ', भण्डारीले भने।

जोखिम र मृत्युका खबरहरूका बीच आरोहीहरूमा देखिएको सगरमाथाप्रतिको अनौठो प्रेममा कुनै कमी आएको छैन। पर्यटन विभागका अनुसार यो सिजनका कुनै पनि आरोहण रद्द भएका छैनन्। चिनियाँ र रूसी आरोहीहरूको संख्या बढ्दो छ भने इरान-इजरायल द्वन्द्वका कारण ती क्षेत्रका आरोही घटेका छन्।

साहसको उत्सव र 'समिट विन्डो'को प्रतीक्षा

सगरमाथाको दक्षिण मार्ग (नेपालतर्फ) बाट डोरी टाँग्ने कार्य सम्पन्न हुनु पर्वतारोहणको संसारमा एउटा ठूलो उत्सव हो। यस वर्ष मिङ्तेम्बा शेर्पा, पासाङ नुर्बु शेर्पा र डेन्डी शेर्पालगायतको टोलीले प्रतिकूल मौसम र खुम्बु आइसफलको चुनौतीपूर्ण अवरोधलाई चिर्दै ३७औं दिनमा शिखरको मार्ग प्रशस्त गरेको हो। यसले आरोहीमा शिखर चुम्ने अरू हुटहुटी बढाएको छ।

» बाँकी पृष्ठ ७